
# श्रीमद्भगवद्गीता



संकलन एवं अनुवाद

परमहंस योगिराज आचार्य स्वामी बालकृष्णानन्द 'मुक्तबुद्ध'

# मन्तव्य

"योगः कार्यकौशलम्" अर्थात योगले कार्यकुशलता बढाउँछ । कार्यकुशलता कुन क्षेत्रमा आवश्यक छैन ? प्रशासक होस् या शासक शिक्षक होस् या रक्षक, प्राविधिक होस् या आध्यात्मिक जुनसुकै विधामा पनि कौशलता अति नै आवश्यक तत्त्व हो । त्यो कौशलता भने योगबाट नै सम्भव छ र योग गीता प्रदत्त साधन हो । श्रीमद्भगवद् गीता सामान्य उपदेश मात्र नभइ यो स्वयं ब्रह्मस्फूरित ब्रह्म बाक्य योगेश्वर श्रीकृष्णको माध्यमबाट प्रकटमा आएको हो । "ओमित्येकाक्षरं ब्रह्म" अर्थात गीताका प्रत्येक अक्षर एकाक्षररूप ब्रह्म हुन् । यसका हरेक अक्षर अक्षर, शब्द शब्द मन्त्रतुल्य छन् । चिन्तन, मनन र स्मरण योग्य छन् । गीतालाई पूजाकोठामा राखेर पूजापाठ गरेर मात्र पुग्दैन, प्रवचन व्याख्यान गरेर मात्र पुग्दैन र गीताका कुरा जानेर या ज्ञान गरेर मात्र पनि पुग्दैन । यसलाई हृदयमै धारण गरेर विधि व्यवहारमा लागू गर्नुपर्दछ तब मात्र गीतापाठ, गीताज्ञान प्राप्ति सार्थक हुन्छ ।

गीताज्ञानको महत्त्व र आवश्यकता हिजो जति थियो त्यो भन्दा बढि आज छ र भोली अझ बढ्नेछ । नैतिकता र ईमान्दारिताले ओरालो लागेको आजको समयमा गीताज्ञानको महत्त्व अझ बढ्न गएको छ । यदि गीताज्ञानलाई जस्ताको तस्तै व्यवहारमा लागू गर्ने हो भने समाजमा विकृति, अन्याय, अत्याचार र बलत्कार जस्ता प्रवृत्ति बढ्ने थिएनन्, मान्छे मान्छेसँग डराउनु पर्ने थिएन । सभ्यता र आधुनिकताको नाममा मनुष्यले आज मनुष्यत्व गुमाउने थिएन, मानव मर्यादाको सीमा नाघ्ने थिएन । आज मानवजातिमा भय, त्रास, अशान्ति र तनाव व्याप्त छ । काम, क्रोध र हिंसाले स्थिति भयावह छ । यस्तो स्थितिलाई शीतलता प्रदान गर्ने एकमात्र उपाय भनेको योग हो र योग गीताबाट सम्भव छ । गीताज्ञान व्यक्ति व्यक्तिलाई आवश्यक छ, घर घरमा गीताको पुस्तक हुन नितान्त जरुरी छ। यहि कुरालाई हृदयंगम गरि संस्कृत श्लोक सहितको नेपाली भाषामा अनुवादित गीताको अभाव महशुस भईरहेको आजको परिप्रेक्षमा मैले श्रीमद्भगवद्गीतालाई नेपाली सरल भाषामा अनुवाद गरि प्रकाशनमा ल्याएको छु । यसै पुस्तकमा मैले रचना गरेको गुरुमण्डल भजन र सच्चिदानन्द भजन पनि समावेश गर्न सान्दर्भिक ठानेका छु ।

गुरुमण्डल भजन भजन मात्र नभई प्रत्येक शब्द शब्द मन्त्रमय रहेको एक अद्वितीय गुरुस्तोत्र समेत भएको हुँदा प्रत्येक दिन नित्यकर्मको समयमा यो स्तोत्रको विशुद्ध प्रार्थनाले मात्र पनि ईश्वरीय कृपा प्राप्त गर्न सकिने हुँदा प्रत्येक पाठक र साधकले यस तर्फ पनि विशेष ध्यान दिनु बुद्धिमानी ठहरिने छ । यसैगरि यस पुस्तकमा समावेश गरिएका "विष्णु सहस्रनाम" "र "गजेन्द्र मोक्ष" स्तोत्रको नित्य प्रार्थना र पाठ पितृ उद्धारको लागि सहज र बिशेष महत्त्वपूर्ण साधनाको रूपमा रहेको छ । समग्रमा आत्माज्ञान एवं ब्रह्मज्ञान र पितृ उद्धारको लागि समेत ध्यानमा राखी प्रस्तुत गरिएको यस पुस्तकले सम्पूर्ण सनातनधर्म प्रेमीजनलाई यथायोग्य सहयोग पुयाउने कुरामा म विश्वस्त रहेको छु ।

सम्पूर्ण पाठ, प्रार्थनाको लागि समयाभाव भएमा पनि "सच्चिदानन्द र गुरुस्तोत्र" वा "गीता" वा "विष्णु सहस्रनाम र गजेन्द्र मोक्ष" को पाठ प्रार्थना मात्रले पनि सो अनुसार प्रभू कृपा प्राप्त हुने नै छ ।

अतः घर-घरमा प्रस्तुत ग्रन्थको पाठ प्रार्थना होस् र सबैको कल्याण होस् भन्ने शुभकामना व्यक्त गर्दै आफ्नो मन्तव्य यहीं टुङ्ग्याउँछु । प्रकाशनको क्रममा सहयोग गर्ने सम्पूर्ण साधकवर्गलाई धन्यवाद एवं आशिर्वाद प्रदान गर्दछु ।

॥ हरि ॐ शिव ॥

**स्वामी बालकृष्णानन्द "मुक्तबुद्ध"**

दिव्य सत्संगधाम

रामनगर, चक्रचोक, ल.पु.